
# लेखापरीक्षण प्रतिवेदन

## नरैनापुर गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## नरैनापुर गाउँपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्योँटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्योँट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/696

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
नरैनापुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

नरैनापुर, बाँके।

## कैफियतसहितको राय

हामीले यस नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.१२ करोड ४६ लाख १७ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.२९ लाख ४७ हजार, प्रशासकिय भवन निर्माण रु.४० लाख र गरीवसंग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत गरी रु.१३ करोड १९ लाख ७९ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

२. गाउँपालिकाको रु १ अर्ब ८ करोड ६ लाख १७ हजार लेखापरीक्षण गरिएकोमा रू. ३ करोड २६ लाख ५९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४७ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६९ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५३ लाख २५ हजार र पेस्की बाँकी रु.२४ लाख ५५ हजार र सोधभर्ना नलिएको रु.३१ लाख ७५ हजार रहेको छ।.गत वर्षसम्म सम्परीक्षण

पश्चात रु.२५ करोड ६६ लाख १७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२८ करोड ९२ लाख ७६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाले आफु मातहत रहेको स्थिर सम्पत्तिको खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नरैनापुर गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३४ | ४८ | ३,२६,५८,६६६ | ० | ० | ० | ० | ३४ | ४८ | ३,२६,५८,६६६ | ४७,२७,८३९ | १,५३,२४,८५२ | ६९,७५,९७५ | ० | ३१,७५,००० | २,५४,७५,८२८ | २४,५५,००० |

**अद्यावधिक बेरुजू स्थिति**

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | २५६६२३ | ० | ६ | २५६६१७ | ० | ३२६५९ | २८९२७६ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | २९.३ | शर्शत चालु | ६,००० |
| जम्मा | | | | ६,००० |

लेखापरीक्षण बक्यौता नरहेको ।

# (८०५५७५०४३०० - नरैनापुर गाउँपालिका, बाँके )

# नरैनापुर गाउँपालिका , बाँके

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस नरैनापुर गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।१० देखि २०८१ ।१०।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ जम्मा रु.१ अर्ब ८ करोड ६ लाख १७ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ प्रदेश : लुम्बिनी प्रदेश जिल्ला : बाँके स्थानीय तह : नरैनापुर गाउँपालिका, बाँके

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | |
|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | गत आ व को कारोवार |
| | प्राप्ति | | | | | |
| ११००० | कर | | १०,३१,२९,७२२.५० | ० | १०,३१,२९,७२२.५० | ९,७६,६९,९८८.६८ |
| १३००० | अनुदान | | ३०,४६,८९,०२९.२२ | ० | ३०,४६,८९,०२९.२२ | ३७,९०,१०,५०५.५१ |
| १४००० | अन्य राजस्व | | ४०,२२,९१०.७१ | ० | ४०,२२,९१०.७१ | ५०,२७,३८९.८३ |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० | ३२,००,०००.०० |
| क | कुल जम्मा प्राप्ति | | ४१,१८,४१,६६२.४३ | | ४१,१८,४१,६६२.४३ | ४८,४९,०७,८८४.०२ |
| ३ | चालु | | ३२,४८,१८,६००.९२ | ० | ३२,४८,१८,६००.९२ | २९,६७,६५,२८९.६४ |
| २१००० | पारिश्रमिक / सुविधा | | ११,८०,३६,७८८.६५ | ० | ११,८०,३६,७८८.६५ | १२,२८,८६,७९६.३७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १९,५६,४०,१७५.६० | ० | १९,५६,४०,१७५.६० | ११,९०,०१,२९७.८७ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | ३,८९,०६,५५५.४० |
| २७००० | सामाजिक सुरक्षा | | १,१०,१२,८०४.६७ | ० | १,१०,१२,८०४.६७ | १,४६,६९,२९६.०० |
| २८००० | अन्य खर्च | | १,२८,८३२.०० | ० | १,२८,८३२.०० | १३,०१,३४४.०० |
| ४ | पूंजीगत | | ७,६१,०४,५५७.०० | ० | ७,६१,०४,५५७.०० | १८,७२,७७,८१८.८२ |
| ३१११० | भवन तथा संरचना | | ८५,१८,२६५.०० | ० | ८५,१८,२६५.०० | ५,०७,५८,१५३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ११,२८,८६३.०० | ० | ११,२८,८६३.०० | ८९,१५,१४७.२६ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६,५०,०००.०० | ० | ६,५०,०००.०० | ५०,५०,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ५,७०,५४,०६३.०० | ० | ५,७०,५४,०६३.०० | १२,००,०३,५०६.५६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ८७,५३,३६६.०० | ० | ८७,५३,३६६.०० | २५,५१,०१२.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४०,०९,२३,१५७.९२ | | ४०,०९,२३,१५७.९२ | ४८,४०,४३,१०८.४६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | १,०९,१८,५०४.५१ | | १,०९,१८,५०४.५१ | ८,६४,७७५.५६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (२७,३४,०५४.१४) | | (२७,३४,०५४.१४) | (८६,८४,७६२.३१) |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | -८२०. |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ८१,८४,४५०.३७ | | ८१,८४,४५०.३७ | (७८,१९,९८६.७५) |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,०५,४८,७२३.८२ | | ४,०५,४८,७२३.८२ | ४,८३,६८,७१०.५७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,८७,३३,१७४.१९ | | ४,८७,३३,१७४.१९ | ४,०५,४८,७२३.८२ |

संघीय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २९४७०१० | १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २९४७०१० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १२४६१६९६० | २ | सामाजिक सुरक्षा तथा संरक्षण | १२४६१६९६० |
| ३ | प्रशासकिय भवन निर्माण | ४००००० | ३ | शिक्षा विज्ञान प्रविधि मन्त्रालय | ४००००० |
| ४ | गरीवसंग विश्वेश्वर कार्यक्रम | ४१५००० | ४ | गरीवसंग विश्वेश्वर कार्यक्रम | ४१५००० |
| | जम्मा | १३१९७८९७० | | जम्मा | १३१९७८९७० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ४६ लाख १६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. २९ लाख ४७ हजार प्रशासकिय भवन निर्माण रु. ४० लाख, गरीवसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु. १३ करोड १९ लाख ७८ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.४९ करोड १० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **योजना तथा वजेट कार्यान्वयन**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

· अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.२ करोड ५ लाख ३९ हजार मिति २०८०।१०।२९ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको

तुलनामा ४.१९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये ३ योजनामा रु. २२ लाख ९५ खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ६ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार पालिकास्तरका कुल ४६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाख माथिका योजना सङ्ख्या | रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४६ | ६ | २२ | १८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## ७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। कुल खर्चको पुर्वाधार विकासमा 15.97 तथा आर्थिक विकासमा १४.९६ प्रतिशत मात्र खर्च भएकोले उक्त क्षेत्रमा स्रोत वढाउनुपर्ने देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७९३२३००० | ५९९७८२७६.१२ | १४.९६ |
| २ | पूर्वाधार विकास | ८८४००००० | ६४०४७१२२ | १५.९७ |
| ३ | सामाजिक विकास | १३५७२१००० | १२११९५४२१.१ | ३०.२१ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३५०००० | ११४८५५२ | ०.२९ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १८५०९१८७३ | १५४६३३७८३ | ३८.५७ |
| | जम्मा | ४८९८८५८७३ | ४००९२३१५४.२ | |

## ८ त्रैमासिक खर्च

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा ६.५५,१७.५७ प्रतिशत, तेस्रो त्रैमासिकमा १८.०५ तथा चौथो त्रैमासिकमा ५७.८१ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४७.९८ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

( रकम रु हजारमा)

| क्र.स | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | ७६१०४ | ४९९० | १३३७४ | १३७४३ | ४३९९७ | ३६५२० |
| कुल खर्चको तुलनामा प्रतिशत | | | ६.५५ | १७.५७ | १८.०५ | ५७.८१ | ४७.९८ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५७.८१ प्रतिशत तथा आषाढ महिनामा ४७.९८ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## ९ प्रगति

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ। कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

| शीर्षक | बार्षिक बजेट | खर्च | शीर्षक |
|---|---|---|---|
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ७५,००,०००.०० | ६६,६३,०००.०० | ८८.८४ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधारखर्च | २७,३२,०००.०० | १८,५५,२६५.०० | ६७.९१ |
| ३११२२ मेशिनरी तथा औजार | ३४,००,०००.०० | १०,२९,४२३.०० | ३०.२८ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३०,००,०००.०० | ९९,४४०.०० | ३.३१ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १०,००,०००.०० | ६,५०,०००.०० | ६५ |
| ३११५१ सडक तथा पूल निर्माण | २,४७,००,०००.०० | १,८३,३५,१७२.०० | ७४.२३ |
| ३११५३ विद्युत संरचना निर्माण | ८,००,०००.०० | ० | ० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २५,००,०००.०० | २५,००,०००.०० | १०० |
| ३११५५ सिंचाई संरचना निर्माण | २५,४५,०००.०० | १०,००,०००.०० | ३९.२९ |
| ३११५६ खानेपानी संरचना निर्माण | २१,००,०००.०० | २०,९४,९९९.०० | ९९.७६ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ४,०९,००,०००.०० | ३,३१,२३,८९२.०० | ८०.९८ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधारखर्च | १,१५,००,०००.०० | ८७,५३,३६६.०० | ७६.१२ |
| जम्मा | १०,२६,७७,०००.०० | ७,६१,०४,५५७.०० | ७४.१२ |

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
· आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रु. ८ लाख ५५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
· पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

## ११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाको यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण भएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १२ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४ करोड ५६ लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

| विवरण | बजेट | खर्च |
|---|---|---|
| भुक्तानी दिन बाकि योजना तथा कार्यक्रमको दायित्व भुक्तानी | ३०००००० | ३०००००० |
| गाउँपालिका उपाध्यक्ष ज्युको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम संचालन हुने योजना तथा कार्यक्रम | ३८००००० | १२२०१७१ |
| विविध खर्च | ७८००००० | ६८५९००० |
| जम्मा | ४५६००० | ३८०७९१७१ |

## १३ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ३ करोड भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## १४ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ र पालिकाका चालुतर्फ कर्मचारीको रु १,५६,०८,२७८.०५ खर्च लेखेको छ । तलबी

प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.५,६१,६२,५०२ खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा अमिन, स्वास्थ्य कर्मचारी, असिस्टेन्ट सव इन्जिनियर आदि करार नियुक्ति गरी बर्षभरीमा रु.५१,२६,१६०। भुक्तानी गरेको छ । रिक्त पदपुर्तिका लागि लोकसेवा आयोगमा लेखि पठाएको देखिएन । अत: कानूनले तोकेको पदभन्दा अन्य पदमा करारमा कर्मचारी राखि तलव खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५१,२६,१६० |

१६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेख भए बमोजिम मर्मत गर्नुपर्ने ३ महिना भित्र र लिलाम गर्नुपर्ने ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन गरेको देखिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी वनाउनुपर्दछ ।

१७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १० लाख आर्थिक सहायता वितरण गरेको छ। वितरीत सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

१८ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| जन्मदर्ता | १२९२ |
| मृत्युदर्ता | २६५ |
| बसाईसराई दर्ता | आएको -१६, गएको-५ |
| विवाह दर्ता | २८७ |
| सम्बन्धविच्छेद दर्ता | ३ |

व्यक्तिगत घटना दर्ताको मात्र अभिलेख राखेको देखियो । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको अभिलेख व्यवस्थित देखिएन । अत: सवै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१९ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ। कार्यालयले खर्च वृद्धि भएकोमा सोको कारण खुलाएको छैन। आन्तरिक आय ८७.४७ प्रतिशत घट्दा प्रशासनिक खर्चहरु वृद्धि स्वभाविक छैन । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | ४१९९७ | ५६१६२ | नखुलाएको |
| २ | वैंठक भत्ता | १३४२ | २०१४ | नखुलाएको |
| | जम्मा | ४३३३९ | ५८१७६ | ३४.२३ प्रतिशत वृद्धि |

२० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ वमोजिम निर्माण व्यवसायी वा आपुर्तिकर्ताको नियम १२३ वमोजिम कट्टा गरी राखेको रिटेन्सन मनी निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधि समाप्त भई सकेपछि सम्वन्धित कर कार्यालयमा करविवरण वुझाई सोको प्रमाण पेश गरेपछि धरौटी फिर्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रकम रु. १४ लाख १० हजार फिर्ता खर्च लेखेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण वुझाई मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं र मिति | पार्टिको नाम | फिर्ता रकम |
|---|---|---|
| २८।०८०।९।११ | दीया सप्लायर्स | ७७५०००। |
| ३१।०८०।९।१८ | श्रेयन्सा ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | ६३५०००। |
| | **जम्मा** | **१४१००००।** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१०,००० |

२२ **संघीय समपूरक अनुदान**

संघीय समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा (६)१ अनुसार आयोजना तथा कार्यक्रमको कुल लागतको अधिकतम चालिस प्रतिशत रकम समपूरक अनुदान दिने व्यवस्था छ । सोही वमोजिम कार्यक्रम स्वीकृत भएकोमा संघीय समपूरकवाट जमुनी मा.वि.भवन निर्माण कार्य सम्पन्न भई रु. ५९,८६,१२२। भुक्तानी भएकोमा पालिकावाट रु. २०,९५,१४२। भुक्तानी हुनुपर्नेमा रु. ८,६४,१८४। भएकोले रु. १२,३०,९५८। संघीय अनुदान वढी खर्च गरेकोले संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,३०,९५८ |

२३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ४७ सरकारी कामको लागि चाहिने रकम एकिन गरी आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की दिनुपर्ने व्यवस्था छ। साथै त्यस्तो पेश्की प्राप्त भएपछि काम सम्पन्न भएको पन्ध्र दिनभित्र विल भरपाई सहित फर्स्यौटका लागि पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोहि नियमावलीको नियम ५१ वमोजिम तोकिएको म्याद भित्र पेश्की फर्स्यौटको लागि कागजात पेश नगरेमा उपदफा (१) बमोजिम म्याद नाघेको मितिले दश प्रतिशत व्याज समेत लिई असुल गर्नुपर्ने तथा तलव भत्ता रोक्का गर्ने र निजले पाउने तलव सुविधावाट कट्टा गरी पेश्की असूल फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखापाल प्रकाश अधिकारीलाई गत वर्षको पेश्की रु. २ लाख ५० हजार वाँकी रहेकोमा पुनः यो वर्ष पूँजीगत शिर्षकवाट रु. ५ लाख तथा चालु वाट ५ लाख गरी रु. १० लाख उपलव्ध गराएकोमा उक्त पेश्की फर्स्यौट भएको नदेखिएकोले निजको पेश्की रु. १२ लाख ५० हजार र व्याज रु १ लाख २५ हजार समेत रु १३ लाख ७५ हजार र अन्य कर्मचारी तथा पदाधिकारीको पेश्की असूल फर्स्यौट हुनुपर्ने रु

| क्र.सं. | गो.भौ.नं. र पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति,फर्म वा कम्पनीको नाम र पद | यो वर्षको पेश्की | गत वर्षको पेश्की | जम्मा पेश्की |
|---|---|---|---|---|---|---|
| १ | २५७। ०८०।७। २१ | विविध कार्यक्रम खर्च | वडा अध्यक्ष हशाक जोलाह | ० | २२०००० | २२०००० |
| २ | २५७। ०८०।७। २१ | औषधि उपचार खर्च | वडा अध्यक्ष मसूद अहमद शाह | ० | १००००० | १००००० |
| | **कर्मचारी** | | | | | |
| १ | १५१। ०८०।६। २२ | छाला सम्वन्धी शिविर संचालन | सहायक कम्प्यूटर अपरेटर शिव कुमार शर्मा | ० | २५०००० | २५०००० |
| २ | २५७। ०८०।७। २१ | विविध कार्यक्रम खर्च | अधिकृत कृष्ण कुमारी चन्द | ० | ६२१६०० | ६२१६०० |
| ३ | २५६। ०८०।७। २१ | अन्य कार्यालय संचालन खर्च | लेखापाल प्रकाश अधिकारी | ० | २५०००० | २५०००० |
| ४ | २५६। ०८०।७। २१ | विविध कार्यक्रम खर्च | अधिकृत छैठौ मनोज शर्मा | ० | १००००० | १००००० |
| ५ | २२।०८०। ७।२३ | समपुरक कोष | लेखापाल प्रकाश अधिकारी | ५००००० | ० | ५००००० |
| ६ | ३५१। ०८०।८। २५ | कार्यक्रम खर्च | लेखापाल प्रकाश अधिकारी | ५००००० | ० | ५००००० |
| ७ | २७६। ०८०।१०। २९ | कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम | सहायक जगतराम यादव | १००००० | ० | १००००० |
| | **संस्थागत** | | | | | |
| १ | २।०८०।४। १ | विद्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | आदर्श माध्यामिक विद्यालय लक्ष्मनपुर | ० | ८००००० | ८००००० |
| २ | १८।०८०। ४।१ | हुलाकी रोड देखि वालापुर हुंदै काला गाउं सम्म कालोपत्रे वडा नं ३ | वस्तेकोटी उमर जेभी | ० | ५१२८०० | ५१२८०० |
| ३ | १८।०८०। ४।१ | समीरको घरको पि सि सि देखि केवट टोलको मूल वाटो सम्म सडक निर्माण | मदरसा दारुल उलूम अन्जुमन इस्लामिया महतिनिया | ० | १२००००० | १२००००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १८।०८०।४।१ | रोसपुर्वा गाउंमा इट्टा सोइलिङ वडा नं २ | रोसपुर्वा गाउंमा इट्टा सोइलिङ निर्माण उपभोक्ता समिति | ० | २००००० | २००००० |
| ५ | १८।०८०।४।१ | जामुनी मस्जित निर्माण | संघीय कृषक समूह | ० | ४०००० | ४०००० |
| ६ | १।०८०।४।२२ | ६.२.२.५६६ .७८८ सौरी खोला तलवन्धन नरेनापुर १ कुसुम ( आ.व ०७९।८० का सशर्त अनुदानका आयोजनाहरु) | डायमण्ड मल्टिमिडिया प्रा.लि | ० | ५०००० | ५०००० |
| ७ | १।०८०।४।२२ | महतनिया विद्यालय निर्माण | सिताराम दर्वसा जे भी | ० | २३५०००० | २३५०००० |
| ८ | ३।०८०।६।२२ | शिक्षण सिकाई सहयोग | जय बागेश्वरी असाहाय बाल संरक्षण केन्द्र | ० | १००००० | १००००० |
| ९ | २५७।०८०।७।२१ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | अवध मिडिया ग्रुप प्रा लि | ० | ८०००० | ८०००० |
| १० | २५७।०८०।७।२१ | कार्यक्रम खर्च | अध्यक्ष दलित सेवा संघ | ० | २४९८७५ | २४९८७५ |
| ११ | २५७।०८०।७।२१ | विविध खर्च | रेडियो हिमाल एफ एम ९२.८ मेगाहर्ज स्टेशन म्यानेजर | ० | ६००० | ६००० |
| १२ | २५७।०८०।७।२१ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | हाइवे पोष्ट राष्ट्रिय दैनिक | ० | ८९१०० | ८९१०० |
| १३ | ३२१।०८०।८।७ | विविध खर्च | सद्भाव प्रिन्टिङ्ग प्रेस | ५०००० | ० | ५०००० |
| १४ | २२।०८०।१०।२९ | शैक्षिक अनुभव आदान प्रदान कार्यक्रम | मदरसा जामिया अरबिया गरिव नवाज जमुनाहा | ८०००० | ० | ८०००० |
| | **उपभोक्ता समिति** | | | | | |
| १ | २।०८०।४।१ | विद्यालय कक्षा कोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | आदर्स माध्यामिक विद्यालयमा २ कोठा भवन निर्माण उपभोक्ता समिति | ० | ३००००० | ३००००० |
| २ | १८।०८०।४।१ | कटकुइया गाउंको ठाकुरद्धार मन्दिर निर्माण | कटकुइया ठाकुरद्धारा मण्डप निर्माण उपभोक्ता समिति | ० | १५०००० | १५०००० |
| ३ | १८।०८०।४।१ | अन्य सार्वजनिक निर्माण वडा नं ५ | जगनाथी मन्दिर निर्माण उपभोक्ता समिति | ० | ४०००० | ४०००० |
| ४ | १८।०८०।४।१ | अन्य सार्वजनिक निर्माण वडा नं ५ | तपसी बाबा मन्दिर मर्मत निर्माण उपभोक्ता समिति | ० | ४०००० | ४०००० |
| ५ | १८।०८०। | वानिया गाउंमा मदर्शा निर्माण वडा नं १ | बानिया गाउंमा मदर्शा | ० | २४०००० | २४०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४।१ | | उपभोक्ता समिति | | | |
| ६ | १८।०८०। ४।१ | गंगापुरमा मन्दिर निर्माण | शिव मन्दिर निर्माण उपभोक्ता समिति नरैनापुर ६ | ० | ४०००० | ४०००० |
| ७ | ७।०८०।६। २५ | नरैनापुर गाउंपालिकाको प्रशासकिय भवन अगाडिको पोखरी पटान तथा अन्य | गाउंपालिका भवनमा माटो पटान उपभोक्ता समिति | १०००००० | ० | १०००००० |
| ८ | ३३।०८०। ९।६ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | श्री ने.रा. प्रा.वि महतिनिया छत निर्माण उपभोक्ता समिति | ० | ५५६४२ | ५५६४२ |
| | **व्यक्तिगत** | | | | | |
| १ | १८।०८०। ४।१ | गोवर्द्धन धाम । अमहवा पानी ट्यांकी निर्माण | पीर मोहम्मद खाँ | ० | २०००० | २०००० |
| २ | २५७। ०८०।७। २१ | विविध कार्यक्रम खर्च | सोहन लाल यादव | ० | ९९०००० | ९९०००० |
| ३ | ३००। ०८१।१।४ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थि परीक्षण मूल्याङ्कन, शिक्षक मनिटरिङ्ग तथा विद्यालय सुपरिवेक्षण | अब्दुल रहमान खान | १००००० | ० | १००००० |
| | | | जम्मा | २३९८००० | ९०९५०१७ | ११४२५०१७ |

| | |
|---|---|
| पेश्की | २४,५५,००० |

२४ **मोविलाईजेसन पेश्की**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ तथा खरिद सम्झौताको शर्त वमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए वमोजिम फस्र्यौट गर्नुपर्दछ। विभिन्न निर्माण सेवा लाई पेश्की दिएको मध्ये गत वर्षको रु.२ करोड १८ लाख ७६२ हजार ९९० तथा यो वर्षको पेश्की रु.३४ लाख ३४ हजार समेत रु.२ करोड १६ लाख ९६ हजार ९९० पेश्की दिएकोमा फस्यौट नभई वाँकी रहेको छ । उक्त पेश्की अभिलेख राखि खरिद सम्झौताको शर्त अनुसार फस्र्यौट हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | गो.भौ.नं. र पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति,फर्म वा कम्पनीको नाम र पद | यो वर्षको पेश्की | गत वर्षको पेश्की | जम्मा पेश्की |
|---|---|---|---|---|---|---|
| १ | २।०८०।४।१ | जय किसान मा. वि. विकास गुरुयोजना कार्यान्वियन वडा नं. ६ | सिताराम निर्माण सेवा | ० | १८००००० | १८००००० |
| २ | १८।०८०।४।१ | हुलाकी रोड रोसंपुर्वा हुदै भारतीय सिमा सम्म जाने वाटो निर्माण | जय देवी एस एस निर्माण सेवा | ० | ४०००००० | ४००००० |
| ३ | १८।०८०।४।१ | गाउंपालिका भवन निर्माण | महालक्ष्मी जुगल जेभी | ० | १७१२९९० | १७१२९९० |
| ४ | ३३।०८०।४।१ | आवासीय भवन निर्माण\ खरीद | प्रतिष्ठा मंगलदिप। जुगल जेभी | | १३८००००० | १३८००००० |
| ५ | ३५२।०८१।३।२ | ने.रा.प्रा.वि.कटकुइया, बाउन्ड्रीवाल, गेट लगायतको भौतिक पूर्वाधार निर्माण | शुभ आर. एस. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | ८४७००० | ० | ८४७००० |
| ६ | ३८।०८१।३।२१ | आदर्श मा.वि. लक्ष्मणपुरको भवन बाउन्ड्रीवाल, गेट लगायतको भौतिक पूर्वाधार निर्माण | सिताराम निर्माण सेवा | १७००००० | ० | १७००००० |
| ७ | ३८५।०८१।३।२३ | ने.रा.प्रा.वि.कटकुइया, बाउन्ड्रीवाल, गेट लगायतको भौतिक पूर्वाधार निर्माण | शुभ आर. एस. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि | ८८७००० | ० | ८८७००० |
| | ५४।०८०।४।१ | गैर आवासीय भवन निर्माण । खरिद | सिताराम दुर्वसा जेभी | | ५५०००० | ५५०००० |
| | | | जम्मा | ३४३४००० | २१८६२९९० | २१६९६९९० |

२५ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तरगत सामुदायिक वनहरु भए पनि सो अनुसार रकम दाखिला गरेको देखिएन। सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्दा विक्रि वाट प्राप्त रकमको दश प्रतिशतले आउने रकम प्राप्त गर्ने सम्वन्धमा कारवाही हुनुपर्दछ ।

२६ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नबुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

२७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

२८ **असुली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ । लक्ष्यको तुलनामा न्युन आय तथा आन्तरिक श्रोत कम रहेको देखिन्छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| शीर्षक | प्रस्तावितआय | वास्तविकआय | आम्दानी(%) | शीर्षक | प्रस्तावितआय | वास्तविकआय |
|---|---|---|---|---|---|---|
| ११३१३ सम्पती कर | ८०,००,०००.०० | ० | ० | ११३१४ भुमिकर/ मालपोत | २०,००,०००.०० | २,६५,६६५.०० |
| ११३१४ भुमिकर/ मालपोत | २०,००,०००.०० | ५,८६,६३४.०८ | २९.३३ | ११३१७ वहाल कर | २५,०००.०० | ० |
| ११३१७ वहाल कर | १,००,०००.०० | १५,०८५.०० | १५.०९ | १४२२१ न्यायिक दस्तूर | १,००,०००.०० | ० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | ० | ० | १४२४२ नक्सापास दस्तुर | २५,०००.०० | ० |
| १४२२१ न्यायिक दस्तूर | ३,००,०००.०० | १,४३०.०० | ०.४८ | १४२४३ सिफारिश दस्तुर | ५,००,०००.०० | ० |
| १४२२४ परीक्षा शुल्क | २०,०००.०० | ० | ० | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,०००.०० | ० |
| १४२४२ नक्सापास दस्तुर | २,००,०००.०० | ० | ० | १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | ४,४७,५००.०० |
| १४२४३ सिफारिश दस्तुर | ५,००,०००.०० | ९५,८७१.०० | १९.१७ | १४५२९ अन्य राजस्व | १,३६,०००.०० | २४,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,००,०००.०० | ५९,३००.०० | १९.७७ | १५१११ बेरूजू | ७१,३७,२१३.०० | ३२,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २,००,०००.०० | ७,२५६.०० | ३.६३ | जम्मा | १०९२३२१३ | ६३१३१६५ |
| १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | २५,४२५.०० | ५.०९ | | | |
| १४३१३ धरौटी सदरस्याहा | ५,००,०००.०० | ० | ० | | | |
| जम्मा | १३१२०००० | ७९१००१ | २२.८२ | | | |

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ३ वडामा ४ योजना सञ्चालन गरी यस वर्ष ४८ जनालाई औसत ३४ दिनले २०६३ दिन रोजगारी उपलव्ध गराई रु.१३ लाख ७८ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ तथा आपुर्ति कर्तासंग भएको सम्झौता वमोजिम आपुर्ति भएको परिमाण र पेश भएको विलको आधारमा रकम भुक्तानी हुनुपर्ने व्यवस्था भएकोमा पालिकाले औषधि खरिद गर्नका लागि डालिमा मेडिसेल्स सँग सम्झौता भएको देखिन्छ। सम्झौता वमोजिम ९२ प्रकारका औषधीका लागि रु. १६,९९,९०५। भुक्तानी हुनुपर्नेमा रु. १९,२०,८९२। भुक्तानी गरेको पाईयो। खरिद सम्झौता वमोजिम कवोल भएको दर भन्दा वढी दरमा भुक्तानी भएकोले रु.२,२०,९८७। बढि भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२०,९८७ |

३१ **शिक्षकको तलव भत्ता अनुदान**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ। कार्यक्रम कार्यान्वियन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलव भत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक, अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वियन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची -१ बमोजिमको फाराम भरी २०८० माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०८० फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वियन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी शिक्षक, अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि पालिका अन्तर्गत २८ विद्यालयमा पालिकाले सशर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी सशर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई ८८ शिक्षकका लागि रु. ३,०५,७३,५९४। थप अनुदान गत वर्षको मौज्दात तथा आन्तरिक श्रोतवाट उपलब्ध गराएको देखियो । विद्यालयको विद्यार्थी संख्या तथा शिक्षकको संख्याका आधारमा शिक्षक दरवन्दि मिलान तथा विद्यालय समायोजन गरी आवश्यकताका आधारमा मात्र यस्तो अनुदान उपलब्ध गराउनुपर्दछ ।

३२ **बिल तथा फाँटवारी**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८० वमोजिम सिकाई सामाग्री तथा डिजिटल सिकाई व्यवस्थापनका लागि विद्यालय अनुदान उपलव्ध गराएकोमा सोको विल भरपाई तथा फांटवारी पेश गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको निकासा गरेकोमा सोको फाँटवारी पेश नभएकोले फाँटवारी पेश हुनुपर्ने रु.

| गो.भौ.नं.र मिति | विवरण | निकासा रकम |
|---|---|---|
| ३३३।८०।२।१ | २९ विद्यालयलाई निकासा | ४१४७००। |
| ३३२।२।१ | २३ विद्यालयलाई निकासा | ३२९४००। |
| ३२१।२।१ | २५ विद्यालयलाई निकासा | २२२२९५०। |
| | जम्मा | २९६७०५०। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,६७,०५० |

## ३३ शिक्षक दरवन्दि तथा विद्यार्थी

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । त्यस्तै विद्यालय समायोजन कार्यान्वियन निर्देशिका,२०७० वमोजिम कम विद्यार्थी हुने विद्यालयलाई नजिकको वढी विद्यार्थी भएको विद्यालयमा गाभ्न सकिने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका विद्यालयमा विद्यालय समायोजन ऐन वमोजिम विद्यालयहरु समायोजन भएको छैन । विद्यालयहरुवाट कानुन वमोजिम शिक्षक व्यवस्थापन गरी विद्यालय संचालनलाई प्रभावकारी वनाउनुपर्दछ ।

| क्र सं | विद्यालयको तह | कुल विद्यालय | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | १७ | ४८६२ | ४५ | १:१०८ |
| ३ | मा.वि | ३ | २६५५ | २८ | १:९४ |

## ३४ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७७ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट अध्यक्षलाई रु.५ लाख ८२ हजार, उपाध्यक्षलाई रु.६ लाख ८४ हजार, वडाध्यक्ष ६ लाई रु.३० लाख २४ हजार, कार्यपालिका सद्स्य ४ लाई रु.१२ लाख ९६ हजार तथा सभा सद्स्य ३२ लाई ६७ लाख २० हजार समेत कुल रु. १ करोड २३ लाख ६ हजार सुविधा वापत भुक्तानी भएको छ । जुन सुविधा पालिकाको यस वर्षको आन्तरिक श्रोतको रु.७ लाख ९१ हजारको १५५५ प्रतिशत रहेको छ ।

## ३५ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७७को अनुसुची वमोजिम सुविधा भुक्तानी हुनुपर्नेमा निम्नानुसार १७ महिनाको (यो वर्ष र गत वर्ष भुक्तानी बाँकी ५ महिना समेत)बढि सुविधा भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम रु.७,३२,१०५। सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र सं. | पदाधिकारी | मासिक भुक्तानी | मासिक पाउने | मासिक वढी रु. | १७ महिनाको जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | इशाक जोलाह | ३०००० | २६००० | ४००० | ६७३२० |
| २ | प्रेम चन्द्र मौर्य | ३०००० | २६००० | ४००० | ६७३२० |
| ३ | अजय कुमार मिश्रा | ३०००० | २६००० | ४००० | ६७३२० |
| ४ | मसूद अहमद शाह | ३०००० | २६००० | ४००० | ६७३२० |
| ५ | मनोज कुमार शर्मा | ३०००० | २६००० | ४००० | ६७३२० |
| ६ | कृष्ण चन्द्र मौर्य | ३०००० | २६००० | ४००० | ६७३२० |
| ७ | कापासश्री सन्तोष श्रीवास्तव | ३०००० | १०५०० | १९५०० | ३२८१८५ |
| | | | जम्मा | | ७३२१०५ |

| असुल गर्नुपर्ने | ७,३२,१०५ |
|---|---|

३६ **बैठक भत्ता**

पालिकाले बैठक भत्ता सम्बन्धमा मापदण्ड तथा कार्यविधि बनाएको छैन । मापदण्ड तथा खर्च गर्ने कार्यविधि नबनाई पालिकाले यस वर्ष कर्मचारी बैठक भत्ता शिर्षकबाट रु. १३,१३,०००। खर्च लेखेको पाइयो। नमुना छनौटको आधारमा निम्नानुसार भौचर परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् । कानून तथा मापदण्ड वनाई यस्ता किसिमका खर्च गर्नुपर्ने देखिन्छ ।

| भौ नं।मिति | विवरण | रकम |
|---|---|---|
| ३५८।०८०।८।२७ | स्वास्थ्य कर्मचारी पदपूर्ति ११ पटक ९ जना सम्म (आमन्त्रित ५ जना सम्म) | १५१३१५ |
| ३५७।०८०।८।२७ | रोजगार सहायक पदपूर्ति ९ पटक १० जना सम्म (आमन्त्रित ५ जना सम्म) | १३६४५० |
| ४४५।०८०।९।२५ | बोलपत्र मूल्यांकन २० पटक १० जना सम्म | २२५००० |
| ५१७।०८०।१०।२५ | बोलपत्र मूल्यांकन ३४ पटक १० जना सम्म | ३६०००० |
| | जम्मा | ८७२७६५ |

३७ **कर कट्टी नभएको**

कर कट्टी नभएको आय कर ऐन, २०५८ को दफा ८८ को उपदफा १ वमोजिम भुक्तानीमा पन्ध्र प्रतिशत कर कट्टी गरी दाखिला गर्नुपर्नेमा पालिकाले यस वर्ष २४ घण्टे आकस्मिक सेवा संचालन वापत निम्न भौचर बाट रु १,६५,३००। खर्च लेखेको देखिएकोमा निम्नानुसार रु. २४,७९५। कर कट्टा तथा दाखिला भएको नपाईएकोले उक्त असुल गरी दाखिला हुनुपर्ने रु.

| शिर्षक | भौ नं।मिति | भुक्तानी पाउने | रकम | कर | कैफियत |
|---|---|---|---|---|---|
| संघ | ३५४।०८०।८।२७ | लक्ष्मणपुर प्रा स्वा केन्द्र | ८२६०० | १२३९० | साउन देखि कार्तिक |
| पालिका | २९५।०८०।१२।२६ | लक्ष्मणपुर प्रा स्वा केन्द्र | ८२७०० | १२४०५ | मंसिर देखि फागुन |
| | | | १६५३०० | २४७९५ | |

| असुल गर्नुपर्ने | २४,७९५ |
|---|---|

३८ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८७ तथा अनुसुची १ वमोजिम पारिश्रमिक भुक्तानीमा कर कट्टी तथा दाखिला हुनुपर्नेमा निम्नानुसारको कर्मचारीहरुको पारिश्रिमक कर कट्टि गरी भुक्तानी हुनुपर्नेमा भएको नपाईएकोले असुल हुनुपर्ने रु.

| सि नं | कर्मचारी | वार्षिक कर बाहेक | वार्षिक कर समेत | पारिश्रमिक कर | कर दाखिला | नपुग कर |
|---|---|---|---|---|---|---|
| १ | राम गोपाल तिवारी | ८७५२९४ | ८८४१३५ | ४२८२७ | ८८४१ | ३३९८६ |
| २ | राजन शाहु | ९६७३६६ | ९७७१३७ | ६१४२७ | ९७७१ | ५१६५६ |
| | जम्मा | | | | | ८५६४२ |
| | | | | | असुल गर्नुपर्ने | ८५,६४२ |

## ३९ सिमा भन्दा वढीको सोझै खरिद

३३८।०८०।८।१४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले निम्नानुसार सिमा भन्दा वढि एउटै व्यक्तिवाट खरिद गरेको अनियमित देखिएको रु.

| क्र सं. | भौ नं।मिति | खरिदको विवरण | आपर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३३८।०८०।८।१४ | ८०० थान डायरी प्रकाशन | वापत जोहन मिडिया एण्ड रिसर्च सेन्टरलाई रु | ४५२००० |
| २ | ७६८।०८१।३।२१ | ५०० थान वडा सर्वेक्षण पुस्तिका प्रकाशन वापत | वापत जोहन मिडिया एण्ड रिसर्च सेन्टरलाई | ४९०००० |
| ३ | ७६८।०८१।३।२१ | ५०० थान ६ नं वडा कार्यालयको बुलेटिन प्रकाशन | वापत जोहन मिडिया एण्ड रिसर्च सेन्टरलाई | १९९००० |
| | | | जम्मा | ११४१००० |
| | | | अनियमित भएको | ११,४१,००० |

## ४० गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली २०६४ को नियम ३९(१५) मा भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये स्वीकृत दरवन्दीको तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार विरामी र बन्दीको सिधा, सेवा निबृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसंग भएको सम्झौताको खर्चको भुक्तानी बाँकी रहेमा चालु वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सूचना प्रणालीमा प्रविष्ट गराइ भुक्तानी दिन सक्ने उल्लेख छ। सो मध्ये निम्नानुसार २९ वटा भौचरवाट गरेको निम्नानुसारको चालु प्रकृतिको खर्च रु. ७०,७५,७५२। कानून बमोजिम भुक्तानी दिन बाँकी प्रमाणित गर्न मिल्ने नदेखिएको अनियमित रु.

| क्र सै | भौ नं।मिति | विववरण | रकम रु |
|---|---|---|---|
| १ | ७६।०८०।५।२१ | सवारी मर्मत | ११२०० |
| २ | ८५।०८०।५।३१ | खाजा र दैनिक भ्रमण भत्ता | ७१५१० |
| ३ | ९८।०८०।६।६ | प्रिन्टर लगायतका सामाग्री खरिदको भुक्तानी<br>A Plus Computer Suppliers.<br>Printer 23500, Toner cartridge, i3 Desktop, pendrive, Hard disk<br>Smart mobile 1 थान १२९९५ | ६२४६७८ |
| ४ | २६९।०८०।७।२३ | mi Redmi Note 12 Pro 5g Sky Blue | ४४००० |
| ५ | ९९।०८०।६।६ | स्ट्रिट लाइट खरिद | ९९४४०० |
| ६ | १००।०८०।६।६ | एभरेष्ट प्रिन्टर्स कार्यालय सामाग्री | ५५८६४३ |
| ७ | १०१ ।०८०।६।६ | आउटलुक सप्लायर्स | २२४३०० |
| ८ | १०२।०८०।६।६ | लाइबा फर्निचर उद्योगबाट ११ थरी सामान खरिद | ४३१०९५ |
| ९ | १०३।०८०।६।६ | J B Suppliers बाट<br>हेण्ड पम्प ४० थान, HDD पाइप ८०० मिटर, G I pipe ४० थान, जाली ६०० मि वितरण अभिलेख नभएको । | ३३८३२२ |
| १० | १०४।०८०।६।६ | लक्की ट्रेडर्स कार्यालय सामाग्री | ३३९९६० |
| ११ | १०५।०८०।६।६। | स्पीड कम्प्युटर सप्लायर्स टोनर आदि खरिद | ३२३५४२ |
| १२ | १०६।०८०।६।७ | विद्या ट्रेडर्स एण्ड सप्लायर्स कार्यालय सामाग्री रजिष्टर आदि | २८९५९९ |
| १३ | १०८।०८०।६।७ | पार्वती ट्रेडिंग एण्ड जनरल अर्डर सप्लायर्स<br>तन्ना सोफा सेट कुर्सी डोर म्याट टावेल कुर्सी टेबुल आदि खरिद | ६,६९,७७९ |
| १४ | ११३।०८०।६।७ | नेशनल स्टेशनर्स एण्ड जनरल अर्डर सप्लायर्स | २,३१,३६७ |
| १५ | ११४।०८०।६।७ | निसान कम्प्युटर टेडर्स | १,५५,३५० |
| १६ | ११६।०८०।६।८ | वडा न. ५ को मलेरिया रोग नियन्त्रण गर्न औषधि छर्किए बापतको रकम भुक्तानी | | १,७८,२०० |
| १७ | ११७।०८०।६।८ | इन्धन खर्च वडा अध्यक्ष श्री मसूद अहमद शाहलाई भुक्तानी | ३५००० |
| १८ | १२९।०८०।६।१२ | बालाजी ट्रेड इन्टरनेशनल | ९९६४३ |
| १९ | १३०।०८०।६।१४ | रनिङ्ग शिल्ड प्रतियोगिता<br>ढुवानी लगायत विभिन्न खर्च | ३४१०७२ |
| २० | २१६।०८०।७।२ | विविध खर्च रनिङ्ग शिल्ड २०७९।१०।२६ देखि २९ | २४६०० |
| २१ | १३१।०८०।६।१४ | जब्दाहा बाबा आश्रममा माटो पटान गर्ने काम | २६५७१ |
| २२ | १४९।०८०।६।१९ | युथ टुडे मिडिया नेटवर्क प्रा लि सूचना प्रकाशन<br>कार्यक्रम प्रशारण गरेको लगसिट पेश हुनु पर्ने | ७०००० |
| २३ | १५४।०८०।६। | सांस्कृतिक मिडिया नेटवर्क प्रा लि | २३०५२०। |

| | | | |
|---|---|---|---|
| | २१ | लोक कल्याणकारी विज्ञापन प्रशारण ६ महिना प्रति महिना रु४००००।<br>कार्यक्रम प्रशारण गरेको लगसिट पेश हुनु पर्ने | |
| २४ | २४२/२४४ ।०८०।७।१२ | सलाम मिडिया प्रा लि<br>३ वटा कार्यक्रमको कार्यक्रम प्रशारण गरेको लगसिट पेश हुनु पर्ने | ६०००० |
| २५ | १५०।०८०।६। १९ | कालिका अटो ट्रेडर्स गाडि मर्मत | ९८७८४। |
| २६ | १९०।०८०।६। ३० | होटल द्रव्य कुटीर खाजा खर्च | १५००००। |
| २७ | २०१।०८०।७।१ | इन्धन खर्च | ३४३६१७। |
| २८ | २२५।०८०।७।३ | बल बहादुर चन्द कानूनी सल्लाहाकार<br>२०७७।४।१ देखि २०७८ असार ३ महिनाको | ६०००० |
| २९ | २३४।०८०।७।३ | डायमण्ड स्टेशनरी एण्ड सप्लायर्स<br>कार्यालय सामाग्री | ५०००० |
| | | जम्मा | ७०७५७५२ |

| | |
|---|---|
| अनियमित भएको | ७०,७५,७५२ |

४१ **विज्ञापन**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ क को उपदफा ३ र ४ वमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तिन प्रतिशत रकम कट्टा गरी विज्ञापन वोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार विज्ञापन वापत रकम भुक्तानी भएकोमा उक्त व्यवस्था वमोजिम कट्टा गरी वोर्डको खातामा दाखिला भएको नपाईएकोले असुल गरी सम्वन्धित खातामा दाखिला हुनुपर्ने देखिएको रु.

| भौ नं।मिति | विवरण | भुक्तानी रकम | तिन प्रतिशतले हुने रकम रु |
|---|---|---|---|
| १६९।०८०।६।२६ | पि एस मल्टी बिजनेस ग्रुप प्रा लि सूचना प्रशारण | २९८३२० | ७९२० |
| १७२।०८०।६।२६ | एन पि एस मिडिया एण्ड एडभटाइजिङ्ग | ४९५७८८ | १३१६२ |
| २७।८१।२।१ | रेनट्रेड एण्ड मार्केटिङ प्रा.लि. | ८०६८२ | २१४२ |
| २६।८।२।१ | रेनट्रेड एण्ड मार्केटिङ प्रा.लि. | १७४८११ | ४६४१ |
| ४७।८१।३।१४ | वि.आर.सी.मिडिया प्रा.लि. | ६५००० | १७२५ |
| १२।८१।१०।२५ | न्यू एरा मिडिया एण्ड एडभरटाइजिङ्ग | ७५९३६ | २०१६ |
| १०।८०।१०।५ | आर्थिक दैनिक | ४६२७३ | १२२८ |
| ५९।८०।१०।५ | आर्थिक दैनिक | ५२२०६ | १३८६ |
| ५८।८०।१०।५ | एन.पि.एस.मिडिया एण्ड एडभरटाईजिङ्ग | १७७९७५ | ४७२५ |
| | जम्मा | | ३८९४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,९४५ |

४२ **प्राइभेट फर्म अनुदान**

पालिकाले यस वर्ष भौ.नं. ३२।०८०।१०।२४ बाट केयर फार्म नेपाल प्रा लि लाई कागती खेती कार्य वापत रु ४०००००। खर्च लेखेको पाइयो । पालिकाले केयर फार्म नेपाल प्रा लि प्राइभेट फर्मलाई छनौट गरी कागती खेती कार्य गराएकोमा निम्नानुसार पचास प्रतिशत रु. ४ लाख अनुदान खर्च भुक्तानी गरेको छ । उक्त अनुदानको उपलब्धि मूल्याङ्कन गरेको छैन । अनुदान रकम सम्झौता बमोजिमको कार्यमा उपयोग भएको सुनिश्चित हुनुपर्दछ ।

| सि नं | विवरण | रकम |
|---|---|---|
| १ | कागती बोट खरिद | १९२५००। |
| २ | कामदारको ज्याला | ३००००। |
| ३ | कम्पोष्ट मल खरिद | ५००००। |
| ४ | धारा जडान र मोटर | १७०००। |
| ५ | बोरिंग र मोटर जडान | ८८०००। |
| ६ | तरबार र पर्खाल निर्माण | ४१००००। |
| ७ | जग्गा बहाल १ वर्ष | ६००००। |
| | जम्मा | ८४७५००। |

४३ **वितरणमूखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च रु.१४,३९,२७६।० गरेको छ । वितरणमुखी खर्चलाई नियन्त्रण गरी प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने देखिन्छ।

| क्र सं | भौ नं।मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ५९१।०८०।१२।१५ | वडा नं ४ मा २२५ थान ब्लैन्केट | ४९८३३० |
| २ | ५६१।०८०।१०।२९ | वडा नं ३ मा ४५ सेट ज्याकेट ट्राउजर मार्च पास फुली, ६५ सेट जुत्ता गेम सेट अन्य खेल सामाग्री | ३००००० |
| ३ | ७५२।०८१।३।१८ | आदर्श मा वि ४० सेट पुस्तक सर्ट पाइन्छ | ९९५०० |
| ४ | ४६०।०८०।९।२८ | ट्युवेल धारा पाइप आद ४० सेट | ३४५४०० |
| ५ | ७९६।०८१।३।२४ | ३८५ के जि लिटो | ९६१४६ |
| ६ | ५८।०८१।३।१८ | पम्प सेट २ थान भिटामिन तथा किटनाषक विषादि ४० पाकेट | ९९९०० |
| | | जम्मा | १४३९२७६ |

४४ **गैर सरकारी संस्था मार्फत खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थाबाट विभिन्न कार्य गराई भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका

दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरी त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर पटक पटक एकै संस्थावाट समेत कार्य गरेको अनियमित देखिएको रु.

| क्र सं | भौ नं।मिति | संस्था | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ३३३।०८०।८। १२ | दपर्ण समाज विकास नेपाल | शैक्षिक सुधारका लागि अभिभावकहरुलाई बालबालिकाको सिकाईमा अभिभावकको भूमिका वडा नं २ | २०००००। |
| २ | ३३५।०८०।८। १२ | दपर्ण समाज विकास नेपाल | शैक्षिक सुधारका लागि अभिभावकहरुलाई बालबालिकाको सिकाईमा अभिभावकको भूमिका वडा नं ४ | ९९९९०। |
| ३ | ३६५।०८०।८। २८ | जेनी मल्टी भिजन प्रा लि | बालविवाह न्यूनीकरण कार्यक्रम<br>मिति २०८०।८।१० देखि १६, ७ दिन सहभागी ४४ जना | ४९९६०५ |
| ४ | ५०३।०८०।१०। १६ | जेनी मल्टी भिजन प्रा लि | बालविवाह न्यूनीकरण कार्यक्रम वडा नं३<br>मिति २०८०।९।१ देखि ७, ७ दिन सहभागी ४४ जना | ४९९८४५ |
| ५ | ४२०।०८०।९। १६ | केयर कम्प्युटर इन्टिच्युट | ५० जना विद्यार्थीहरुलाई एडवान्स कम्प्युटर तालिम वडा नं ५ | ३४८००० |
| ६ | ६०६।०८०।१२। १८ | तराई दलित विकास मंच | ४ दिने स्वास्थ्य शिक्षा तथा सरसफाइ तालिम | १४९५०० |
| ७ | ७९९।०८१।३। २४ | तराई दलित विकास मंच | दलित सशक्तिकरण कार्यक्रम | १८५००० |
| | | | जम्मा | १९८१९४० |

| | |
|---|---|
| अनियमित भएको | १९,८१,९४० |

४५ **गैर सरकारी संस्थामार्फत अनुदान कार्यक्रम**

पालिकाले यस वर्ष भौ.नं. ३०।०८०।१०।९ बाट दलित एकता संजाल नामक गैर सरकारी संस्था मार्फत ५०% लागत अनुदान सहयोग प्याज खेती तालिम तथा कृषी उपकरण सहयोग कार्यक्रम संचालन गरी रु.२,०१,०६९। खर्च लेखेको पाइयो । उक्त संस्था मार्फत तालिम तथा प्याज विउ मिनि ट्रिलर विद्युतिय मोटर स्प्रे टयांकी बोरिङ्ग जडान जस्ता कार्य गर्ने गरी कूल लागत रु.४,०५,८००। मध्ये ५०% लागत पालिकाले व्यहोर्ने गरी मिति २०८०।७।२२ मा सम्झौता भएको देखिन्छ। उक्त संस्था मार्फत कार्य भएमा लाभग्राही छनौटको आधार पेश नभएको तथा वितरण भएपछिको अनुगमन भएको नदेखिएको तथा अनुदान रकम सार्वजनिकरण गरेको देखिएन । अनुदान रकम अधिकम प्रतिफल प्राप्त हुने गरी गर्नुपर्ने देखिन्छ ।

४६ **प्रयोजन नखुलेको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न गरी रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार भौचरबाट लेखेको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न गरेको देखिएन। उक्त प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं।मिति | विवरण | रकम |
|---|---|---|
| ४९९।०८०।१०।१५ | होटल द्रव्य कुटिरलाई खाजा वापत भुक्तानी | १०५७७८। |
| १०८।०८०।६।७ | पार्वती ट्रेडिङ्ग एण्ड जनरल अर्डर सप्लायर्स (सोफा ब्लान्केट कार्पेट आदि) | ६६९७७९। |
| | जम्मा | ७७५५५७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,०२,६६७ |

४७ **आकस्मिक सेवा संचालन**

३५४।०८०।८।२७, २९५।०८०।१२।२६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा खर्च रकम पुष्टि हुने विल भरपाई संलग्न गरी रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष २४ घण्टे आकस्मिक सेवा संचालन वापत रु. १ लाख ६५ हजार ३०० सम्बन्धित कर्मचारीहरुले बुझेको प्रमाण पेश नभएकोले सम्बन्धितलाई रकम भुक्तानी गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,३०० |

४८ **विद्युत जरिवाना**

विद्युत महसुल समयमानै भुक्तानी गरेमा छुट समेत पाईनेमा निम्नानुसार रु.५४३६२। जरिवाना तिरेको पाईयो । समयमानै महसुल भुक्तानी गरी जरिवाना तिर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौ नं।मिति | विद्युत जरिवाना |
|---|---|
| ६६।०८०।५।८ | ३३६०४। |
| ६८८।०८१।२।२७ | २०७५८। |
| **जम्मा** | **५४३६२।** |

४९ **धरौटी वाट खर्च**

धरौटी २०।८०।६।९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ६९(१) बमोजिम धरौटी वापत प्राप्त रकम प्रचलित कानूनमा उल्लेख भएको काम वाहेकमा खर्च गर्न नहुने व्यवस्था छ । कार्यालयले १५ वेड अस्पतालको विल निर्माण व्यवसायी श्री हनुमान कन्ट्क्सनलाई रु.३१ लाख ७५ हजार धरौटी खातावाट भुक्तानी दिएको पाईयो । कानून बिपरित धरौटी खातावाट भुक्तानी गर्नेलाई जिम्मेवार वनाउनुपर्ने तथा उक्त रकम शोधभर्ना हुनुपर्ने रु

| | |
|---|---|
| सोधभर्ना नलिएको | ३१,७५,००० |

५० **प्रशासनिक भवन**

प्रशासनिक भवन निर्माणको लागि २०७७।७८ मा रु. ९९०९८१३८। लागत अनुमान स्वीकृत गरी वोलपत्रद्धारा रु. ६८०३९५८१। कवोल गर्ने महालक्ष्मी जुगल जे.भी.को वोलपत्र स्वीकृत गरी २०७७।१२।५ मा २०७९।६।३१ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा कार्य सम्पन्न हुन नसकेकोले ४ पटक गरी २०८१।४।३० सम्म म्याद थप भएको छ । यो वर्ष सम्म रु. ४८५२४२३५। को कार्य भएकोमा कार्य सम्पन्न भएको छैन। यस सम्वन्धमा देखिएका वाँकी व्यहोरा देहायमा उल्लेख छन् :

५०.१ **पूर्वनिर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क)अनुसार ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउनुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीसँग २०७७।१२।५ मा २०७९।६।३१ सम्म सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा कार्य सम्पन्न हुन नसकेकोले ४ पटक गरी २०८१।४।३० सम्म म्याद थप भएको भएकोमा कार्य सम्पन्न भएको देखिएन । खरिद नियमावली तथा सम्झौताको विशेष शर्त वमोजिम सम्झौता रकमको अधिकतम दश प्रतिशतले हुने रु रु. ६० लाख २० हजार ४९३ पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी कार्य सम्पन्न गर्नुपर्ने ।

५०.२ **पेश्की जफत** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्वन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याजसमेत असुलउपर गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले लगेको पेश्की रु. २० लाख असुल फर्स्यौट हुन वाँकी रहेकोमा सोको म्याद म्याद १३ जुलाई २०२४ मा समाप्त भएकोमा थप भएको छैन । अतः उक्त पेश्की वाँकीको ब्याज सहित असूल फर्स्यौट हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २०,००,००० |
|---|---|

५१ **१५ वेड अस्पताल भवन**

१५ वेड अस्पताल भवन निर्माणका लागि आर्थिक वर्ष २०७८।७९ मा वोलपत्रद्धारा हनुमान कन्स्ट्रक्सन सँग रु. १६९७५१३५४। मा २०८०।६।१० भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।१२।१० मा खरिद सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्य तोकेको समयमा सम्पन्न हुन नसकि २०८१।१२।३१ सम्म म्याद थप भएको छ। हालसम्म रु.९,८७,३१,२३५। भुक्तानी भएकोमा स्ट्रकचरको कार्य सम्पन्न भए पनि फिनिसिङ्गका कार्यहरु वाँकी रहेको देखिन्छ । यो बर्ष भवन निर्माणमा बजेट विनियोजन नभएको कारण काम समेतको नापी गरी भुक्तानी दिन नसकिएको कार्यालयले जनाएको छ । स्थलगत निरीक्षणको क्रममा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको देखिन्छ । सम्झौता बमोजिम म्यादथप भएको अवधिमा निर्माण कार्य सम्पन्न हुनुपर्दछ ।

५२ **अधुरो ठेक्का**

ठेक्का अवधिभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी यस कार्यालयका तपसिलको रु. २४ करोड ४७ लाख ७१ हजार को ठेक्काको भुक्तानी रु.१४ करोड २१ लाख ५५ हजार (५८.८७ प्रतिशत) भई काम अधुरो रहेको देखिन्छ । निर्माण व्यवसायीहरुले कार्यतालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाड्ने गरेको कारण ठेक्का कार्य सम्पन्न हुन सकेको छैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोड्ने, कार्यसम्पादन जमानी प्राप्ती गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ अनुसार खरिद सम्झौताको आधारमा म्याद थप गर्नु पर्नेमा त्यस विपरीत पटक पटक खरिद नियमावली संशोधन गरी पटक पटक म्याद थप गरेको र यस कार्यालयले खरिद सम्झौताका ती व्यवस्थाहरुको कार्यान्वयन नगरेको कारण काम सम्पन्न नभै समायावधि बढ्दै गएको देखिन्छ ।

| क्र.स. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति र थप महिना | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| 1 | गौशाला निर्माण कार्य | प्रतिष्ठा मंगलदिप जुगल जे भी | २०७८/०७/०७ | ६,७५,५५ | २०८१/९/२९(२१ महिना) | १८०५४ | २६.७२ |
| 2 | हुलाकी सडक देखि नरैनापुर ३ सडक | वास्ताकोटि उमर जे भी | २०७८/०७/२८ | ५९,२८ | २०७८/११/३० | २३७१ | ४० |
| | हुलाकी सडक देखि नरैनापुर १ सडक | आर के निर्माण सेवा | २०७८/०८/०९ | ५६,५९ | २०७८/११/३० | | ० |
| | | | जम्मा | ७९१४२ | - | २०४२५ | |

निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य कार्यतालिका वमोजिम कार्य नगरेको, पटक पटक म्याद थप भएको, म्याद थप नभएकोमा निर्माण व्यवसायिले खरिद सम्झौता वमोजिमको अवधि भित्र कार्य सम्पन्न नगरेकोले कार्यालयवाट खरिद सम्झौता तथा खरिद कानून वमोजिम कुनै कारवाही भएको छैन। खरिद कानून वमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। उल्लेखित योजनाहरु मध्ये हुलाकी सडक देखि नरैनापुर -३ सडक वास्ताकोटि उमर जे भी तथा हुलाकी सडक देखि नरैनापुर -१ सडक आर के निर्माण सेवा खरिद सम्झौता पछि निर्माण स्थलमा उपस्थित नभएको प्रगति न्यून तथा शुन्य रहेकोले खरिद सम्झौता रकमको अधिकतम दश प्रतिशतले हुने रकम क्रमश: रु. ५,२४,६०१। तथा रु. ५,०७,९६४। समेत रु. १०,३२,५६५। पुर्वनिर्धारित क्षतिपुर्ति लिई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | १०,३२,५६५ |
|---|---|

५३ **पेश्की जफत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्वन्धित बैँकबाट प्राप्त गरी पेश्की फस्र्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुलउपर गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छन् :

५३.१ गौशाला निर्माण कार्यको निर्माण व्यवसायी प्रतिष्ठा मंगलदिप जुगल जे भी बाट म्याद थप हुँदा समेत कार्य सम्पन्न हुन नसकेको तथा हाल समपुरक तर्फको वजेटको समस्याका कारण काम हुन नसकेको निर्माण व्यवसायीलाई दिएको पेश्की रु. ९८ लाख वाँकी रहेकोमा सोको बैंक जमानतको म्याद २०८१ फागुन ७ सम्म मात्र रहेको देखिन्छ । उक्त पेश्कीको जमानतको म्यादथप गरी पेश गर्नुपर्ने अन्यथा व्याज सहित असुल हुनुपर्दछ ।

५३.२ हुलाकी सडक देखि नरैनापुर ३ सडक निर्माण कार्यको निर्माण व्यवसायी वास्ताकोटि उमर जे भी वाट म्याद थप हुँदा समेत कार्य सम्पन्न हुन नसकेकोले निर्माण व्यवसायीलाई दिएको पेश्की रु.५ लाख ९२ हजार ८०० पेश्की ब्याज सहित असुल फस्र्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९२,८०० |

५४ **आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(३) मा कार्यालयले सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकरीबाट स्वीकृत गराई खर्च गर्नु पर्ने र नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। गाउँपालिकाले गरिव सँग विश्वेश्वर कार्यक्रम अन्तर्गत लक्षित १६ विपन्न परिवारलाई खानेपानिको Hand pipe जडान वापत खरिद गरिएका सामाग्रीहरु खरिद गर्दा अधिकार प्राप्त अधिकारीबाट खरिद आदेश, जिन्सी दाखिला प्रतिवेदन र अन्य विल भरपाई स्वीकृत गरेको देखिएन । खरिद गरिएका सामाग्रीहरु जिन्सी खातामा आम्दानी जनाएको पनि छैन। सोको धारा जडान कार्य सम्पन्न गरी प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नरैनापुर गाउँपालिका, बाँके , नरैनापुर गाउँपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dala Bahadur Basnet | २०७८-२-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Prakash Adhikari | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,७२७,८३९ | १५,३२४,८५२ | ६,९७५,९७५ | ० | ३,१७५,००० | २,४५५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३२,६५८,६६६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३२,६५८,६६६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४०५४८७२३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८५५७१२९६ | चालु खर्च | ३२४८१८६०० |
| प्रदेश सरकारबाट अनुदान | १९११७७३३ | पूँजीगत खर्च | ७६१०४५५७ |
| राजश्व बाँडफाँट | ९६९४७४७९ | वित्तीय/अन्य व्यवस्था | १३५२९२७३८ |
| आन्तरिक आय | ७९१००१.० | | |
| अन्य आय | १४१९७२८३७ | | |
| कुल आय | ५४४४००३४६.० | कुल खर्च | ५३६२१५८९५ |
| बाँकी मौज्दात | | ४८७३३१७४ | |

## अनुसूची - २

# सुझाव

गाउँपालिकावाट प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्रीहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका जिन्सी मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल तथा प्रशासकिय भवन निर्माण सम्पन्न गरि सञ्चालनमा ल्याउनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नहुँदा आन्तरिक नियन्त्रण कमजोर हुने हुँदा कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।